# अनलाइन बोलकबोल सम्बन्धी कार्यविधि, २०७२

**श्रीमान् गभर्नरज्यूवाट स्वीकृत मिति २०७२/०३/१३**

१) सरकारी ऋणपत्र तथा मौद्रिक व्यवस्थापनका उपकरणहरुको परम्परागत तथा विद्यमान बोलकबोल प्रक्रियाको सट्टामा Online (Internet Based) मार्फत बोलकबोल गर्ने सुविधा प्रदान गर्न निर्माण गरिएको Software नै Online Bidding System Software ( OBSS) हो ।

२) सरकारी ऋणपत्र तथा मौद्रिक व्यवस्थापनका उपकरणहरुमा बोलकबोल गर्न चाहने वा बोलकबोलमा सहभागी हुने योग्यता भएका बैंक तथा वित्तीय संस्था लगायत सर्वसाधारणले उपरोक्त Software को सहायताले Online बोलकबोल गर्नुपर्ने व्यवस्था गरिएको छ ।

३) हाल Online मार्फत बोलकबोल गरिने उपकरणहरु देहाय बमोजिम रहेका छन् ।

| उपकरण | |
|---|---|
| क) ट्रेजरी बिल<br>ख) विकास ऋणपत्र | ] नेपाल सरकारको आन्तरिक ऋण व्यवस्थापनका उपकरणहरु |
| ग) रिपो<br>घ) रिभर्स रिपो<br>ङ) आउटराईट सेल<br>च) आउटराईट पर्चेज<br>छ) निक्षेप संकलन | ] मौद्रिक व्यवस्थापनका उपकरणहरु |

राष्ट्र ऋण व्यवस्थापन विभागसंग सम्बन्धीत

४) Online Bidding System Software (OBSS) को सञ्चालन तथा व्यवस्थापन सूचना प्रविधि विभागको सहयोगमा राष्ट्र ऋण व्यवस्थापन विभाग (यसपछि विभाग भनिएको) ले गर्नुपर्नेछ ।

५) Online मार्फत बोलकबोल गर्न चाहने बोलदाताबाट अनुसूचीमा उल्लेखित ढाँचाको पत्र प्राप्त भएपछि उक्त संस्थालाई System मा दर्ता (Register) गर्नु पर्ने र उक्त संस्थाको Admin User Create गरी User Name र Password सम्बन्धित संस्थाले सिफारिस गरेको Admin User लाई जानकारी गराउनु पर्नेछ ।

६) बोलकबोल गरिने उपकरण सम्बन्धि सूचना यस सिष्टमका साथै बैंकको website मा समेत upload गर्नुपर्नेछ ।

७) तोकिएको समय पश्चात् विभागको सचिवालयमा काम गर्ने (समितिले तोकेका) कर्मचारीहरुले बाँडफाँड गर्ने र Minute तयार गरी बोलकबोल बाँडफाँडबाट प्राप्त नतिजा बिवरण आन्तरिक ऋण व्यवस्थापनका उपकरणको हकमा खुला बजार सञ्चालन समिति तथा मौद्रिक व्यवस्थापन उपकरणको हकमा खुला बजार कारोबार सञ्चालन समितिमा पेश गर्नुपर्नेछ ।

८) कुनै कारणबस समितिको निर्णयानुसार कुनै संस्थालाई बोलकबोलमा बन्देज लगाउनु परेको अवस्थामा उक्त संस्थालाई Deactive गरी बन्देज लगाउनु पर्नेछ ।

संस्थागत रुपमा बोलकबोलमा भाग लिने बैंक तथा वित्तीय संस्थाहरु सम्बन्धीत

९) Online बोलकबोल गर्नका लागि सबैभन्दा पहिले सम्बन्धित संस्था Online Bidding System Software मा दर्ता हुनु पर्दछ ।

१०) Online System मा दर्ता हुनको लागि यसै कार्यविधिको अनुसूची बमोजिमको ढाँचाको पत्र यस विभागमा पठाउनु पर्नेछ । एक पटक दर्ता भएका बोलदाताले पुनः दर्ता हुनु पर्ने छैन ।

११) बोलदाताले तोकेको Admin User ले आवश्यकता अनुसार बढीमा ८ जना Supervisor User र Primary User बनाउन सकिनेछ ।

१२) Primary User ले सिष्टममा Data input गर्नुपर्ने र Supervisor User ले सो Data लाई Approve गरी Submit गर्नुपर्ने । बहुबोल मूल्य/दरमा बोलपत्र तयार गरेको भए पनि Submit एक पल्ट मात्र गर्नु पर्ने । Submit भएको बोलपत्र रद्द गर्न वा संशोधन गर्न पाइने छैन ।

अन्य व्यवस्थाहरु

१३) माथि उल्लेखित उपकरणहरु मध्ये रिपो र रिभर्स रिपो उपकरणको बोलकबोलमा भाग लिनको लागि सम्बन्धित संस्था र यस बैक बीच Master Repurchase Agreement भएको हुनु पर्नेछ ।

१४) Online मार्फत बोलकबोल गर्न चाहने बैंक तथा वित्तीय संस्थाको सामान्यतया यस बैंकमा खाता (Bank Account) भएको हुनुपर्नेछ ।

१५) Online मार्फत बोलकबोल गर्दा नियमानुसारको (बोल रकमको २.५० प्रतिशत) अर्नेष्टमनि वापतको रकम यस बैंकस्थित बैक खातामा पर्याप्त मौज्दात कायम गर्नुपर्ने हुन्छ । यस बैंकमा खाता नहुने बोलदाताले यस बैंकस्थित Bond Application Account मा अर्नेष्ट मनि वापतको रकम जम्मा गरी भौचर पेश गर्नु पर्दछ ।

१६) अर्नेष्ट मनि वापतको पर्याप्त रकमको व्यवस्था नगरी बोलकबोलमा भाग लिएमा वा लिएको पाइएमा त्यस्ता बोलदाताको बोल रद्द गरि आगामी बोलकबोलमा भाग लिन नपाउने गरी कालो सूचिमा राख्न सकिनेछ ।

१७) Online बोलकबोल सूचनामा तोकिएको अवधि भित्रै गर्नुपर्ने हुन्छ । यस्तो अवधि समिति (सरकारी ऋणपत्रहरुका सम्बन्धमा खुला बजार संचालन समिति र मौद्रिक उपकरणहरुको सम्बन्धमा खुला बजार कारोबार संचालन समिति) ले तोके बमोजिम हुनेछ ।

१८) बोलकबोल गर्ने दिन बोलदाताको कम्प्युटर वा Internet मा कुनै समस्या आई बोलकबोल गर्न नसक्ने अवस्था आइपरेमा यस विभागमा आई विभागले उपलब्ध गराउने कम्प्युटर मार्फत बोलकबोलमा भाग लिन सक्नेछन् ।

१९) माथि बूँदा नं.१८ मा उल्लेखित अवस्था आइपरेको अवस्थामा कथंकदाचित यस विभागको कम्प्युटर वा Internet मा समेत समस्या आई Bid हुन नसक्ने अवस्था सृजना भएमा समितिको निर्णय वमोजिम हुनेछ ।

२०) यो कार्यविधि स्वीकृत भए पश्चात् Online बोलकबोलका सम्बन्धमा वा यस कार्यविधिमा सामान्य फेरबदल गर्नुपर्ने अवस्था आएको खण्डमा सो कार्य गर्ने अधिकार खुला बजार सञ्चालन समिति तथा खुला बजार कारोबार सञ्चालन समितिमा रहने छ ।

२१) बोलकबोल सम्बन्धि अन्य व्यवस्था नेपाल राष्ट्र बैंक ऐन,२०५८; राष्ट्र ऋण ऐन,२०५९; राष्ट्र ऋण नियमावली,२०५९ (दोस्रो संशोधन सहित); ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार नियमावली, २०६१;

राष्ट्र ऋण मार्गदर्शन, २०६० तथा अन्य स्वीकृत कार्यविधिका अलावा समितिले समय समयमा तोके बमोजिम हुने छन् ।

२२) Online मार्फत बोलकबोल भए पश्चात् विभागबाट तयार गरिने बाँडफाँड तथा नतिजा विवरण (Allocation & Result Sheet) यसै कार्यविधिको अनुसूचिमा उल्लेख भए वमोजिम हुनेछन् ।

२३) बोलकबोलको लागि Online System लागू भए पश्चात् विद्यमान Manual बोलकबोल प्रणाली स्वत: हटेको मानिनेछ ।

२४) यो कार्यविधि श्रीमान् गर्भनर ज्यूबाट स्वीकृती प्रदान भए पश्चात् तुरुन्त लागू हुनेछ ।

अनुसुची १

श्री नेपाल राष्ट्र बैंक
राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली,काठमाण्डौ

बिषयः Online Bidding System Software को Admin User उपलब्ध गराईदिन हुन ।

महोदय,

उपरोक्त सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट बोलकबोल प्रक्रिया बाट निष्काशन हुने राष्ट्र ऋण व्यवस्थापन तथा मौद्रिक निति व्यवस्थापन सम्बन्धी उपकरणहरुको Online Bidding System Software (OBSS) बाट बोलकबोल गर्न तल उल्लेखित विवरणको आधारमा Administrative User उपलब्ध गराईदिन हुन अनुरोध गर्दछौ

**विवरण**

| | |
|---|---|
| A/C No. | |
| Organization Name | |
| Organization Name (Nepali) | |
| Operation Date (yyyy/mm/dd) | |
| Head Office | |
| Administrative User Name | |
| Valid E-mail Address | |
| Phone No. | |

अधिकार प्राप्त व्यक्तिको पद, नाम र दस्तखत